# बान्नीगढी जयगढ गाउँपालिकाको चौथो गाउँ सभामा अध्यक्ष श्री राजेन्द्र बहादुर खड्काले प्रस्तुत गर्नुभएको आ.ब. २०७७/८७ को नीति तथा कार्यक्रम

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जयगढ, अछाम २०७३

मितिः २०७७/०३/१०

**गाउँसभा सदस्य ज्यूहरु,**

विश्वभरी महामारीको रूपमा फैलिरहेको कोरोना संक्रमण (कोभिड-१९) को विषम परिस्थितिमा यस बान्नीगढी जयगढ गाउँपालिकाको गाउँसभा संचालन हुन गईरहेको छ ।

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, लोकतन्त्र र संघीयता कार्यान्वयका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरू प्रति भावपूर्ण हार्दिक श्रद्धान्जली अर्पण गर्दै नेपाली समाजको रूपान्तरणमा उहाँहरू लगायत अन्य महानुभावहरूले पुऱ्याउनु भएको महान योगदानको स्मरण गर्न चाहन्छु ।

कोभिड-१९ को संक्रमणको कारण सृजना भएको संकटको घडीमा कोरोना संक्रमणको कारणले नेपाल लगायत विश्वभर ज्यान गुमाउनेहरू प्रति श्रद्धान्जली व्यक्त गर्दै उपचारत व्यक्तिहरूको सिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । साथै यस विषम परिस्थितिमा अहोरात्र खटिएर उद्दार र उपचारमा संलग्न स्वास्थ्य कर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी, पत्रकार, स्वयंसेवक लगायत सबैलाई आभार प्रकट गर्दै हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

बान्नीगढी जयगढ गाउँपालिकाको गरिमामय गाउँ सभालाई सम्बोधन गर्दै आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी राज्य र सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समाज यस गाउँपालिकाको **"समृद्धिको आधारः बान्नीगढी सरकार" भन्ने नारा** यस सरकारको आदर्श हुनेछन् ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

बान्नीगढी जयगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जयगढ, अछाम
२०७३

**उपस्थित सभा सदस्यज्यूहरू,**

कृषिको आधुनिकरणसंगै बेरोजगारहरुको सहभागितामा बिश्वब्यापी भइरहेको कोरोनाको संकटबाट जोगिन आम नागरिकलाई स्वस्थ राखि गुणस्तीय जीपनयापनमा टेवा पुऱ्याउनु आर्थिक बर्ष २०७७/०७८ को नीतिको सोच रहेको छ।

दैनिक गुजाराका लागि भारत तथा तेस्रो मुलुक जाने बाध्यतालाई निरुत्साहीत गर्न गाउँमै रोजगारीको अवसर सिर्जना गरि बिकासमा साझेदार वन्ने मुल मर्मलाई अंगाल्दै बान्नीगढी जयगढ गाउँपालिका बासीलाई आत्म निर्भर बनाउने लक्ष्यकासाथ कृषि, स्वास्थ्य र शिक्षा जस्ता क्षेत्रहरूलाई समेट्ने नीति अवलम्बन गरिनेछ।

वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्नेतर्फ केन्द्रित भएर यस सरकारले आर्थिक वर्ष २०७७/०७८ का नीति तथा कार्यक्रमहरू तय गरेको छ। माहामारीका रूपमा रहेको कोभिड-१९ संग जुध्दै हाम्रा नीतिहरु प्रगतिशील र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने किसिमका हुनेछन्। विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिइनेछ।

## आर्थिक विकास सम्बन्धी नीति

### कृषि:

१. बिश्वब्यापी फैलिएको कोरोना संकमणको महामारीबाट उत्पन्न संकटबाट बच्न स्वरोगारको वातावरण सृजना गर्ने निती अवलम्बन गरिनेछ।

२. संयुक्त लगानी (म्याचिङ्ग फण्ड) का आधारमा कृषि उद्यम गर्न चाहनेहरुलाई साझेदारीमा अनुदानको व्यवस्था गरिनेछ।

३. बाँझो रहेको जमिनलाई कृषि कार्यमा उपयोग गर्न तथा टुक्रिएको जमिनको चाक्लाबन्दी गरी व्यवसायिक कृषि कार्यमा प्रयोग गरिनेछ।

४. खाद्यान्न संकटलाई ध्यानमा राखि तत्काल उत्पादन हुने उन्नत नगदेबाली खेतीमा बिउबिजन, मलखाद्य तथा सिचाई योजनाहरूमा शतप्रतिशत अनुदान दिई खाद्य संकट न्युनीकरण गर्न भारत तथा तेस्रो मुलुकबाट फर्किएकाहरुलाई प्रोत्साहन गरिनेछ।

५. प्रमुख कृषि उपज, पशुपन्छीजन्य तथा मत्स्य उत्पादनमा आत्मनिर्भर हुने र उच्च मूल्यका कृषि उपजहरूको निर्यात वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ। निर्यातयोग्य

बहादुर खड्का

बान्नीगढी जयगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जयगढ, अछाम

उच्च मूल्यका कृषि उपजहरूको खेतीलाई प्रोत्साहन गरिनेछ । अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन र कृषिजन्य उपजको आयातलाई निरूत्साहन गरिनेछ ।

६. कृषि उत्पादनलाई चाहिने मल, बिऊ, औषधि, उपकरण र अन्य आवश्यक सेवाहरु कृषि तथा पशु सेवा केन्द्रमार्फत उपलब्ध गराइनेछ र कृषि जन्य उपजको भण्डारणका लागि शीत भण्डारणको व्यवस्था गर्न आवश्यक नीति अवलम्बन गरिनेछ । कृषि उत्पादनका साधनहरुको उपलब्धता, उत्पादन, सञ्चय, बिक्री बितरण र मूल्यको अनुगमन र नियमन गरिनेछ ।

७. खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतालाई व्यवस्थित गर्न खाद्य बैंकको स्थापना गरी बजार अनुगमन तथा ब्यवस्थापन समिति गठन गरी खाद्य सुरक्षाप्रतिकार्य योजना (Food Security Response Plan) कार्यान्वयन गरिनेछ ।

८. बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रमा कृषि क्षेत्रमा अनुकरणीय योगदान पुर्‍याए बापत वार्षिक रुपमा सर्वोत्कृष्ट कृषि व्यवसायी घोषणा गर्ने परिपाटी लाई निरन्तर्ता दिईनेछ ।

९. सुख्खा क्षेत्रमा रिचार्ज पोखरीको अवधारणा लागू गरिनेछ । थोपा सिंचाई तथा फोहोरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ ।

१०. छातासैन र काँडाकोटलाई बर्षे आलु खेतिको ब्लक क्षेत्र विकास गरी कृषकहरुलाई आलु खेती तर्फ आकर्षित गरिनेछ ।

११. यस गाँउपालिकाको जयगढ बजारमा एक तरकारी संकलन केन्द्र स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

**उपस्थित सभा सदस्यज्यूहरू,**

**पशुपन्छी:**

१. मौसमी कृत्रिम गर्भाधान (Artificial Insemination) लाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको सुरुवात गर्न र ती ठाउँमा न्यून उत्पादकत्व भएका भाले पशुहरुलाई बन्ध्याकरण गर्न प्रोत्साहन गरिनेछ । यसका साथै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

२. आधुनिक व्यावसायिक बाख्रा, गाई, भैंसी, बंगुर लगायत अन्य पशुपंक्षी फर्मको विकास गर्न जोड दिइनेछ।

३. हिउँदमा पशुहरुको आहारा आपूर्तिको लागि स्थानीय पोषिला घाँसहरुको पहिचान र संरक्षण गरी स्थानीय स्रोत साधनबाट पौष्टिक आहारको प्रवर्द्धन गरिनेछ।

४. गाउँपालिका स्तरीय घुम्ती पशु शिविर सञ्चालन गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

**उपस्थित सभा सदस्यज्यूहरू,**

**शिक्षाः**

१. शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थी, शिक्षक, अभिभावकहरूको उत्साहजनक सहभागिताका लागि उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक र प्रधानाध्यापक र उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई सम्मानित एवं प्रोत्साहित गरिनेछ । र हरेक वर्ष यस गाउँपालिकाका सामुदायिक विद्यालयबाट एस.ई.ई. परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थी मध्ये उत्कृष्ट नतिजा ल्याउने २ जना परीक्षार्थी (एक छात्र र एक छात्र) लाई **"नर बहादुर स्वाँर मेधाबी विद्या पदक"** प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२. विद्यालयका शैक्षिक सूचना र तथ्याङ्कहरूलाई एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अध्यावधिक गर्ने क्षमताको विकासका लागि शिक्षकहरूको सहभागितामा अभिमूखिकरण तालिम संचालन गरिनेछ।

३. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारिहरूको क्षमता अभिवृद्धि गर्दै गुणस्तरिय शिक्षा प्रदान गर्न व्यवहारिक तालिम संचालन गरिनुका साथै कोरोना भाईरस कोभिड-१९ ले निम्त्याएको विषम परिस्थितिबाट पाठ सिक्दै बैकल्पिक माध्यमबाट सिकाई सहजिकरण गर्न शिक्षकहरूको लागि सूचना प्रविधि तालिम संचालन गरी विद्यार्थीहरूका लागि उपयोगी हुने श्रव्य दृश्य पाठको विकास गर्न सक्षम बनाईनेछ।

४. गाउँपालिका भित्रको शैक्षिक प्रणालिलाई नियमन गर्न शिक्षा ऐन, नियमावली, र कार्यविधि जस्ता कानूनी दस्तावेज निर्माण गर्ने कार्यको थालनी गरिनेछ।

५. गाउँपालिकाको शैक्षिक विकासका लागि योजना वद्ध कार्य गर्न सरोकारवाला सबैको सहभागीता र अपनत्वहुने गरी गाउँ शिक्षा योजना (VEP) निर्माण गरि क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

६. विद्यार्थीहरूको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्न सृजनात्मक र अतिरिक्त क्रियाकलापलाई पठन पाठनको अभिन्न अंग बनाई यस्ता कार्यक्रम नियमित रूपमा संचालन गर्न विद्यालयलाई प्रोत्साहित गरिन्छ ।

७. समायोजन एवम् एकिकरण भएका विद्यालयका शिक्षक कर्मचारीहरूलाई अन्य विद्यालयको आवश्यकताका आधारमा दरबन्दी मिलान गरिनेछ ।

**स्वास्थ्यः**

१. कोरोना भाईरस कोभिड-१९ को संक्रमण फैलिदै गएको अवस्थामा गुणस्तरीय स्वास्थ्य सेवाको अभाव भएको महसुस हामि सबैले गरेका छौ । यसै वर्ष देखी गाउँपालिकामा १५ सैयाको अस्पताल निर्माण कार्य आवश्यकीय पूर्वाधार तय गरिनेछ । साथै ५० वेडको आईसोलेसन निर्माण कार्यलाई द्रुत गतिका साथ अगाडी बढाईनेछ ।

२. कोरोनाको लक्षण देखीएकाहरुको स्वास्थ्य परीक्षण तथा उपचारका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

३. कोरोनाबाट बच्न अपनाउनु पर्ने ब्यवहारहरुबारे वडा तथा टोलस्तरमा जागरण कार्यक्रम संचालन गर्ने, स्वास्थ्य सामाग्री उपलब्ध गराउने तथा स्वास्थ्यकर्मीहरुलाई ढुक्क संग सेवामा खटिने वातावरण तयार पारिनेछ ।

४. कोभिड-१९ तथा बिभिन्न बिपत उद्धारमा खटिने स्वयंसेवक तथा स्वास्थ्यकर्मीहरूको मनोवल उच्च राख्न स्वास्थ्य बिमा लगायतका अन्य प्रोत्साहनमूलक कार्यक्रम ल्याइनेछ ।

५. सामाजिक विकास मन्त्रालयबाट प्राप्त भएको एम्बुलेन्स लाई महामारी रोकथाम सुत्केरी महिला, वृद्धवृद्धा लाई लक्षित गरी सेवा प्रदान गरिनेछ ।

६. गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ ।

७. स्वास्थ्य संस्थामा प्रसुति हुने वातावारण बनाउन प्रोत्साहान मूलक बजेट ल्याईनेछ ।

८. गर्भवती महिलाहरुको स्वास्थ्य अवस्थामा ध्यान दिन ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम मासिक रुपमा प्रत्येक स्वास्थ्य संस्थाहरुबाट घुम्ती सेवा मार्फत संचालका लागि ब्यवस्था गरिनेछ ।

९. जेष्ट नागरिक लक्षित गरी म स्वस्थ मेरो गाँउ स्वस्थ गाँउपालिका अध्यक्ष स्वास्थ्य कार्यक्रम समुदाय स्तर सम्म सञ्चालन गरिनेछ ।

१०. मातृमृत्युदर मध्यनजर गर्दै सुत्केरी घरभेट कार्यक्रम सञ्चालन गरिनेछ ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

११. एच. आइ. भि. संक्रमित व्यक्तिलाई बार्षिक पोषण खर्च जीवन निर्वाह खर्च तथा स्यमसेवक परिचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**उपस्थित सभा सदस्यज्यूहरू,**

**सहकारी:**

५. गाउँ गाउँमा सहकारीका माध्यमबाट सेवा प्रदान गर्न स्थानीय सहकारी ऐन मार्फत र स्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरुको प्रवर्दनमा जोड दिईनेछ ।

६. दशै तिहार जस्ता चाडपर्वका वेला सहुलियत दरमा नुन चिनी जस्ता उपभोग्य सामाग्रीको वितरणलाई प्रभावकारी बनाउन सुपथ मुल्य पसल संचालन गरिनेछ ।

७. शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारीसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा आवश्यक नीतिहरू अवलम्बन गरिनेछ ।

८. महिला, गरीब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गरिनेछ ।

९. साबिकमा स्थानीय विकास कोषबाट संचालित गाउँ विकास कोषलाई सहकारी सँस्थाको रूपमा प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

**उद्योग:**

१. घरेलु तथा साना उद्योगहरुलाई कच्चा पदार्थको आयात तथा उद्योगजन्य उत्पादनको निर्यात, वस्तुको बजारीकरणमा विशेष सहुलियत दिइनेछ ।

२. गाउँपालिकामा प्रचुर मात्रामा सम्भावना रहेको सम्भाव्य उत्पादनलाई व्यवसायीकरण गर्न आगामी आर्थिक वर्षबाट औद्योगिक ग्रामको स्थापना गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

३. बान्नीगढी जयगढ गाउँपालिका भित्र घरेलु तथा साना उद्योगको विस्तार गरिनेछ । स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी उत्पादन गर्ने लक्षित वर्गलाई अनुदानको व्यवस्था गरिनेछ ।

४. कुखुराका चल्ला उत्पादनका लागी ह्याचरी स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

बान्नीगढी जयगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जयगढ, अछाम
२०७३

उपस्थित सभा सदस्यज्यूहरू,

**रोजगार प्रवर्द्धन:**

१. गाउँपालिकाबाट आ.व. २०७७/०७८ मा वार्षिक बजेट विनियोजन गर्दा भारत लगायत तेस्रो मूलुकबाट आएका व्यक्तिलाई प्रत्यक्ष रोजगारी सिर्जना हुने आयोजनाहरुलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।
२. बैदेशिक रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गरिनेछ ।
३. वैदेशिक रोजगारबाट (भारत लगातय अन्य मूलुक) आर्जित पूँजी, सीप, अनुभवको प्रयोग गरी स्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गरिनेछ ।
४. गाउँपालिका स्तरिय योजनाहरुमा भारतबाट फर्केका युवाहरूलाई रोजगार सेवा केन्द्रमा सुचिकृत गराइ प्रत्येक वडामा श्रमिकहरूलाई वडागत रूपमा संचालित आयोजनामा परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ ।
५. कामका लागि पारिश्रमिक, कामका लागि खाद्यान्न सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरु संग साझेदारीका लागि पहल गरिनेछ ।
६. अध्यक्ष युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

**पर्यटन:**

१. बान्नीगढी पर्यटकीय क्षेत्रलाई विकास गर्न पर्यटन क्षेत्रसँग सम्बद्ध निकायहरुसँग समन्वय गरिनेछ ।
२. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका छातासैन, विल्थम, बर्दादेवी मन्दिर, बान्नीगढी मन्दिर, नन्दामाता मन्दिर, ऐतिहासिक स्थल दर्नाको पञ्चदेवल जस्ता ठाउँहरूमा पूर्वाधार विकास निर्माणमा जोड दिईनेछ ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

उपस्थित सभा सदस्यज्यूहरू,

**पूर्वाधार विकास:**

१. वडा स्तरका सडक तथा गोरेटा बाटाहरुलाई सम्भाव्यता अध्ययन पछि मात्र योजना छनौट गरी बजेट विनियोजन गरिनेछ।

२. सडकको क्षेत्राधिकार मिचिने गरी मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ। सडकको क्षेत्र (Right of Way) नियमानुसार अनिवार्य छोड्न छोडाउन पहल गरिनेछ।

३. सडकलाई निरन्तर सञ्चालन गर्नका लागि पक्की पुल, पानीका ढल तथा नाली व्यवस्थापन गरिनेछ साथै प्रत्येक वडाहरुमा क्रमिक रुपमा मोटरबाटोलाई स्तरोन्नति गरिनेछ।

४. गाउँपालिकाको सबै वडाहरु तथा टोलहरुलाई समेट्ने गरी सडक विस्तार भईरहेको मोटरबाटोलाई रणनीतिक महत्वको मोटरबाटोको स्तरोन्नति गरी बाह्र महिना चल्ने बनाइनेछ। गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार समूह (Road Maintenance Group) परिचालन गरी सडक मर्मत गरी स्तरोन्नति गरिनेछ।

**सूचना तथा सञ्चार प्रविधि:**

१. गाउँपालिकाको प्रत्येक वडामा आधुनिक सञ्चार बिस्तारको अभियानलाई साकार तुल्याउन प्रत्येक वडाहरुमा इन्टरनेट सेवा जडान गरिसकेकोले यसको दिगोपनालाई विषेश ध्यान दिईनेछ।

२. डिजिटल नोटिस बोर्ड, LED नोटिसबोर्डको प्रयोग गरी गाउँपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ।

३. गाउँपालिका भित्रका सम्पूर्ण कार्यालयमा हस्ताक्षरित हाजिरी प्रणाली लाई पूर्ण रुपमा विस्थापित गरेर इहाजिरी प्रणालीको विकास गरी प्रशासनिक चुस्ततालाई कायम गरिनेछ।

४. गाउँपालिका स्तरीय सूचना प्रविधि केन्द्र र वडाहरूमा सामुदायिक सूचना प्रविधि केन्द्रको स्तरोन्नतिको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

५. प्रत्येक वडा कार्यालयमा अनलाइन प्रणालीबाट व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई यसै आ.व.बाट अनिवार्य लागु गरिनेछ।

गजेन्द्र बहादुर खड्का
अध्यक्ष

६. सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी र पारदर्शी बनाउन एम.आई.एस. मा प्रविष्टी गरी बैङ्कीङ प्रणालीबाट भत्ता वितरण कार्यलाई यसै आ.व. बाट लागु गरिनेछ।

**खानेपानी व्यवस्थापनः**

१. गाउँपालिका भरी स्वच्छ, सफा खानेपानीको व्यवस्था गर्न एक घर, एक धारा खानेपानी उपलब्धताको लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।
२. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकता राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जूमा गरिनेछ।
३. खेपानीको दिगो व्यवस्थापनका लागि **एक घर एक धारा** को नीतिलिई खानेपानीको व्यवस्थापन गरिनेछ।

**उपस्थित सभा सदस्यज्यूहरू,**

**वातावरण तथा विपद् व्यवस्थापनः**

१. विकासात्मक गतिविधिहरु सञ्चालन गर्दा सडक क्षेत्रहरुमा वृक्षरोपण अभियानलाई लागु गरिनेछ।
२. गाउँपालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरूलाई नियन्त्रण र संरक्षण गरिनेछ।
३. जल तथा भूमिको संरक्षण साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन, सहयोग पुऱ्याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ।
७. वातावरण अनुकुलका वन पैदावारहरुको विस्तार, विविधिकरण गरिनेछ। वातावरण संरक्षण र व्यवस्थापन गरिनेछ।
८. स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ।
९. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजनालाई कार्यान्वयनमा ल्याइनेछ।
१०. विपद् उद्दार तथा राहत कोषको रकम बृद्धि गरिनेछ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

**सामाजिक समावेशीकरणः**

१. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चितताका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ।

२. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ।

३. बिभिन्न लक्षित बर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

४. पूर्ण रूपमा अपाङ्गता भएका र अरूको साहरामा जिवन निर्वाह गर्ने व्यक्तिहरूको निम्ति जिवन निर्वाह कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**खेलकूद तथा मनोरञ्जनः**

१. गाउँ पालिका स्तरको एक आधुनिक खेल मैदान निर्माणका लागी सुदुरपश्चिम प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी आवश्यक बजेटको व्यवस्थापन गर्न अनुरोध गरिनेछ।

२. मनोरञ्जनको क्षेत्रहरुलाई व्यवस्थित गर्न कार्यविधि तय गरिनेछ।

**उपस्थित सभा सदस्यज्यूहरू,**

संविधान द्वारा निर्दिष्ट जिम्मेवारी पूरा गर्न गाउँपालिकाले आधारभूत सामाजिक सेवा, स्वास्थ्य, कृषि र रोजगारीमा लगानी बढाउदै व्यवसायिक ढंगले अघिबढ्न सकिने क्षेत्रमा निजि तथा सहकारी र सामुदायिक क्षेत्रको क्षमता र संभावना उपयोग गरी विकासका लक्ष्यहरू प्राप्त गर्न गाउँपालिका प्रतिवद्ध छ। यिनै विषयलाई केन्द्रविन्दुमा राखेर गाउँपालिकाको नीति तथा कार्यक्रम तयार गरेको छु।

अन्त्यमा, हाम्रो निमन्त्रणा स्विकार गरी पाल्नुभएका गाउँसभा सदस्य, कर्मचारी र पत्रकारज्यूहरूलाई यो गाउँसभा हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

नीति तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक सुझाव र मार्गदर्शन दिनुहुने समस्त गाउँपालिकाबासी बुद्धिजीबी, समाजसेवी, राजनैतिक दल, शिक्षक, विभिन्न पेशाकर्मी एवं आम जनसमुदायलाई विशेष धन्यवाद दिन चाहन्छु। नीति तथा कार्यक्रम तर्जुमाको कार्यमा अहोरात्र खट्ने गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्ष, सम्पूर्ण गाउँ सभाका सदस्यका

साथै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं समस्त कर्मचारी ज्यूहरूलाई धन्यबाद दिन चाहन्छु ।

**“समृद्धिको आधारः बान्नीगढी सरकार”** भन्ने हाम्रो नारालाई सार्थक बनाउन हामी सबै गाउँपालिकाबासी एकढिक्का भएर अगाडी बढ्न सकौं । माता बान्नीगढी, माता बरदादेवी, मात कालिका र माता शोडषादेवीले हामी सबैको रक्षा गरून ।

राजेन्द्र बहादुर खड्का
अध्यक्ष

**धन्यवाद । जय नेपाल**

बान्नीगढी जयगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जयगढ, अछाम
२०७३